**नेपाल सरकार**

**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**

## नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशक पदको लागि दरखास्त माग गरिएको सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५।८।२९)

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडमा रिक्त प्रवन्ध निर्देशक पदमा नियुक्तिको लागि सिफारिस गर्नु पर्ने भएकोले देहायका योग्यता र अनुभव भएका इच्छुक नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशन गरिएको छ ।थप जानकारीको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संस्थान समन्वय शाखामा सम्पर्क गर्न सकिनेछ ।

<u>तपसिल</u>:

१. नेपाली नागरिक ।

२. उमेर: दरखास्त पेश गर्ने अन्तिम दिन सम्म ३५ वर्ष पूरा भई ५८ वर्ष ननाघेको ।

३. शैक्षिक योग्यता: मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणिज्य, व्यवस्थापन, अर्थशास्त्र, व्यापार प्रशासन, सूचना प्रविधि, इलेक्ट्रोनिक्स इन्जिनियरिङ, टेलिकम्युनिकेशन इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ मध्ये कुनै विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको ।

४. अनुभवः नेपाल दूरसञ्चार कम्पनी लिमिटेड वा सोही प्रकृतिका दूरसञ्चार सेवा प्रदायक संस्था वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था वा निकायको अधिकृत स्तरको पदमा कम्तीमा पन्ध्र वर्ष काम गरेको तर त्यस्तो कार्य अवधि मध्ये कम्तीमा ५ वर्ष वरिष्ठ अधिकृत वा व्यवस्थापकको पदमा काम गरेको।
"वरिष्ठ अधिकृत भन्नाले तहगत व्यवस्था भएका निकायको हकमा अधिकृत आठौं र नवौं तह, श्रेणीगत व्यवस्था भएका निकायका हकमा अधिकृत द्वितीयलाई बुझिने छ । व्यवस्थापक पद भन्नाले तहगत व्यवस्था भएका निकायका हकमा दशौं वा सो भन्दा माथिल्लो तह र श्रेणीगत व्यवस्था भएका निकायको हकमा अधिकृत प्रथम वा सो भन्दा माथिको श्रेणी बुझिने छ ।"

५. नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका (दोश्रो संशोधन सहित), २०७२ बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको ।

६. योग्यता पुगेका इच्छुक व्यक्तिहरुले देहायका कागजातहरु संलग्न गरी दरखास्त पेश गर्नु पर्नेछ;
(क) नियुक्त हुन चाहेको व्यहोरा खुल्ने दरखास्त,
(ख) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
(ग) व्यक्तिगत विवरण (Bio-data),
(घ) निवेदकले प्राप्त गरेका शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि,(विदेशी शैक्षिक संस्थाको योग्यता भए समकक्षताको प्रमाणपत्र समेत),
(ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि (अधिकृत स्तरमा प्रत्येक तह/श्रेणीको अवधि खुल्ने गरी),
(च) अग्रेजी वा नेपाली भाषामा **A4 Size** को कागजमा तयार गरिएको बढीमा ५(पाँच) पृष्ठको शिलबन्दी ब्यावसायिक कार्ययोजना, (नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रबन्ध निर्देशकको नियुक्ति र सेवा सुविधा सम्बन्धी निर्देशिका (दोश्रो संशोधन सहित),२०७२ बमोजिमको ढाँचामा,
(छ) दरखास्त दिने पदसंग सम्बन्धित अन्य कुनै कागजात भए सो को प्रतिलिपि,
(ज) हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति र
(झ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको वा छाडेको स्वःघोषणा ।

७. शैक्षिक योग्यता र कार्यानुभव प्रमाण पत्रको हकमा नोटरी पब्लिकबाट प्रमाणित भएको हुनु पर्नेछ ।

८. दरखास्त साथ उम्मेदवारले आफ्नो योग्यता सम्बन्धी स्वःघोषणा गर्नु पर्नेछ । सो को फाराम सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संस्थान समन्वय शाखाबाट प्राप्त हुनेछ ।

९. दरखास्त पेश गर्ने अन्तिम म्यादः मिति २०७५ पौष ११ गते बुधवार दिनको ४ बजे सम्म।

१०. दरखास्त बुझाउने स्थानः सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखा, सिंहदरवार ।

११. समितिले सम्बन्धित उम्मेदवारले पेश गरेको व्यावसायिक कार्यायोजना, न्यूनतम शैक्षिक योग्यता, अनुभव र अन्तर्वार्ताको मूल्याङ्कन गरी नियुक्तिको लागि मन्त्रालय समक्ष सिफारिस गर्नेछ।

श्री संयोजकज्यू, मितिः- २०७५।   ।

नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशकको नियुक्तिको लागि

सिफारिश गर्न गठित छनौट समिति,सञ्चार तथा सूचना प्रविधि मन्त्रालय ।

**विषय : स्वघोषणा सम्बन्धमा**

प्रस्तुत विषयमा नेपाल दूरसञ्चार कम्पनी लिमिटेडको प्रवन्ध निर्देशकपदको लागि आवेदनका साथमा देहाय बमोजिमको स्वघोषणा गर्दछु ।

| क्र.सं. | विवरण | हो | होइन |
|---|---|---|---|
| १. | नेपाली नागरिक | | |
| २. | दरखास्त पेश गर्ने अन्तिम दिन सम्म ३५ वर्ष पूरा भई ५८ वर्ष ननाघेको । | | |
| ३. | मान्यता प्राप्त शिक्षण संस्थाबाट वाणीज्य, व्यवस्थापन, अर्थशास्त्र, व्यापार प्रशासन, सूचना प्रविधि, इलेक्ट्रोनिक्स इन्जिनियरिङ, टेलिकम्युनिकेशन इन्जिनियरिङ, कम्प्युटर इन्जिनियरिङ मध्ये कुनै विषयमा कम्तीमा स्नातकोत्तर वा सो सरहको उपाधि हासिल गरेको । | | |
| ४. | नेपाल दूरसञ्चार कम्पनी लिमिटेड वा सोही प्रकृतिका दूरसञ्चार सेवा प्रदायक संस्था वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएका संस्था र निकायको अधिकृत स्तरको पदमा कम्तीमा पन्ध्र वर्ष काम गरेको तर त्यस्तो कार्य अवधि मध्ये कम्तीमा ५ वर्ष वरिष्ठ अधिकृत वा व्यवस्थापकको पदमा काम गरेको। | | |
| ५. | भ्रष्टाचार, सम्पत्ति शुद्धिकरण, मानव वेचविखन, लागु औषधको कारोवार, पूरातात्विक बस्तु वा संरक्षित बन्य जन्तु सम्बन्धी कसुर वा नैतिकपतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसूरदार नठहरिएको | | |
| ६ | कुनै राजनितिक दलको सदस्य भएको, | | |
| ७ | नेपाल दूरसञ्चार कम्पनी लिमिटेडसँगको ठेक्कापट्टा वा कुनै चल अचल सम्पत्ति सम्बन्धी कारोवारमा निज आफैं वा निजको परिवारको कुनै सदस्यको संलग्नता भएको वा सो कम्पनीसँग निजी स्वार्थ रहेको, | | |
| ८ | निजको नाममा व्यक्तिगत वेरुजु बाँकी रहेको, | | |
| ९ | नियतवस वैंक तथा वित्तीय संस्थाको ऋण नतिरी प्रचलित कानून बमोजिम कालोसूचीमा नपरेको तथा परेको भए फुकुवा भएको ३ बर्ष व्यतित भएको | | |
| १० | नेपाल दूरसञ्चार कम्पनी लिमिटेडबाट कुनै ठेक्का पट्टा सम्झौता गरि काम गरिरहेको | | |
| ११ | कुनै विदेशी मुलुकको स्थायी आवाशीय अनुमती पत्र (DV/PR) नलिएको वा लिएको भए त्यागीसकेको कम्तीमा ३ (तीन) महिनाको अवधी व्यतित भएको | | |
| १२ | बढीमा ५ पृष्ठको ब्यावसायिक कार्ययोजना पेश गरेको, | | |

माथिको व्यहोरा ठिक साँचो हो भनी स्वघोषणा गर्दछु । झुट्टा ठहरिए कानून बमोजिम सहुँला/बुझाउँला ।

निवेदक

(..........................)